घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ

ठेक्का बन्दोवस्तीका आधारमा फोहोर व्यवस्थापन सम्बन्धी

<u>बोलपत्र आव्हानको सुचना</u>

प्रथम पटक सुचना प्रकाशित मिति २०८१-०५-०५

घोराही उप-महानगरपालिकाको वडा नं.१ देखि १९ सम्मको घर, पसल, पेशा, व्यवसायको फोहोर संकलन तथा तोकिएका सडक, नाली र सार्वजनिक स्थान सफाई एवं ढुवानी र अन्तिम व्यवस्थापन गर्ने तथा फोहोर उत्पादकसंग तोकिए बमोजिमको सेवा शुल्क असुली गर्ने कार्य आगामी ३(तीन) वर्षका लागि ठेक्का बन्दोवस्ती गर्ने निर्णय भएको हुदा उक्त कार्य गर्न इच्छुक योग्यता पुगेका फर्म, कम्पनी, सामुदायिक संस्था, सम्बद्ध सहकारी, गैरसरकारी संस्थाहरुलाई विद्युतिय माध्यम (E-submitted) बाट डाउनलोड गरी बोलपत्र फारम भरी पेश गर्ने गरी सबैको जानकारीको लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

<u>कामको संक्षिप्त विवरण:</u>

घोराही उप-महानगरपालिका वडा नं.१ देखि १९ सम्मको घर, पसल, पेशा व्यवसायको फोहोरमैला संकलन तथा तोकिएका नाली र सार्वजनिक स्थान सफाई एवं ढुवानी गरी अन्तिम व्यवस्थापन गर्ने तथा फोहोरमैला उत्पादकसंग तोकिए बमोजिमको सेवा शुल्क असुली गर्ने

<u>शर्त, नियम तथा प्रावधानहरु :</u>

१. घोराही उप-महानगरपालिका वडा नं.१ देखि १९ सम्मको फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि संकलन भएको राजश्वको मासिक रुपमा १५ प्रतिशतका दरले नघटने गरी राजश्व जम्मा गर्नु पर्नेछ ठेक्का अवधी ३ वर्षको लागि हुनेछ

२. विद्युतीय बोलपत्र खरिद गर्न बोलपत्रदाताले मिति २०८१-०६-०४ गतेसम्म कार्यालय समय भित्र आ.व.२०८०-०८१ वा म्याद थप को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्र, विगत १ वर्षको कर चुक्ता प्रमाण पत्र र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी संलग्न राखी निवेदन साथ दस्तुर रु ३०००./- (पछि फिर्ता नहुने) नेपाल बैंक लि घोराही शाखाको आन्तरिक श्रोत घोराही उप-महानगरपालिका राजस्व खाता नं. ०२७०३०००००१००१०००००१मा जम्मा गरी खरिद **गर्न सकिनेछ** ।

३ खरिद भएको बोलपत्र मिति २०८१-०६-०४ गतेसम्म दिनको १२;०० बजे भित्र विद्युतीय माध्यम (E-submitted) बाट बोलपत्र पेश गर्नु पर्नेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही

दिन दिनको २;०० वजे वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिती नभएमा पनि वोलपत्र खोल्न वाधा पुग्ने छैन

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने दिन विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

५. वोलपत्रदाताले बोलपत्र साथ आफुले कवोल गरेको ३ वर्षको रकमको ५ प्रतिशत घोराही उप-महानगरपालिकाको नेपल वैंक घोराही शाखाको धरौटी खाता नं. ०२७०३०००००३०००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने वा अन्तिम मितिले कम्तीमा १२० दिनसम्म म्याद भएको घोराही उप-महानगरपालिका-नगरकार्यपालिका कार्यालयको नाममा जारी गरिएको (क)वर्गको वैक जमानी पत्र (विडवण्ड) पेश गर्नु पर्नेछ ।

६. सूचना तथा वोलपत्रमा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन/कानुन वमोजिम हुनेछ
७. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ यस सम्वन्धी थप जानकारी आवश्यक परेमा घोराही उप-महानगरपालिकाको सरसफाई व्यवस्थापन शाखामा सम्पर्क राख्न सकिनेछ
८ घोराही उप-महानगरपालिकाको वेवसाईट www.ghorahimun.gov.np वाट समेत हेर्न सकिनेछ ।